मेचीनगर नगरपालिका

स्थानीय राजपत्र

खण्ड : २०८१ संख्या : स्वीकृत मिति : २०८१/११/१९

भाग-१
मेचीनगर नगरपालिका

श्रीमान नगर प्रमुखज्यू,

वि.स. २०८१ सालको मेचीनगर नगरपालिकाको विधेयक संख्या ..... मेचीनगर नगरपालिका सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख संरक्षण र व्यवस्थापन सम्बन्धि ऐन, २०८१ मिति २०८१ फाल्गुण १९ गते बसेको नगर सभाले पारित गरे बमोजिम ठीक छ, प्रमाणीकरणका लागि नगर प्रमुखज्यू समक्ष पेश गर्दछु।

(अग्नि प्रसाद अधिकारी।
सचिव,
नगर कार्यपालिका मेचीनगर नगरपालिका

अग्नि प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मिति : २०८१/११/२०

मेचीनगर नगरपालिका सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख संरक्षण र व्यवस्थापन सम्बन्धि ऐन, २०८१

CamScanner

मेचीनगर नगरपालिका सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख संरक्षण र व्यवस्थापन सम्बन्धि ऐन, २०८१

नगर सभाबाट स्वीकृत मितिः २०८१/११/१९

प्रस्तावनाः नेपालको संविधानको अनुसूची ८ को बुँदा नं. ८ बाट माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई दिएको छ । गुणस्तरिय शिक्षाको लागि विद्यालयलाई आत्मनिर्भर बनाउन उपलब्ध श्रोतको परिचलन तथा व्यवस्थापन गर्न विद्यालयको सम्पत्तिको संरक्षण र सदुपयोग गर्न आवश्यक छ । सार्वजनिक सम्पत्तिको क्षयीकरण भईरहेको, विद्यालयले जोतभोग गर्दै आएको जग्गा जमिनलाई उपयोग गरी विद्यालयको आयको दिगो श्रोत बनाउन र विद्यार्थी संख्या घट्न गई समायोजन तथा खारेज भएका विद्यालयको सम्पत्ति व्यवस्थापनलाई नियमित तथा व्यवस्थित बनाउन वाञ्छनिय भएकोले स्थानीय शासन सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा (२) (ज) को (५) र (९) को कार्यान्वयनका लागि मिति २०८१/११/१९ गतेको मेचीनगर नगरपालिकाको नगर सभा बैठकबाट **"मेचीनगर नगरपालिका सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख संरक्षण र व्यवस्थापन सम्बन्धि ऐन, २०८१"** स्वीकृत गरी लागू गरिएको छ ।

परिच्छेद– १

परिभाषा र व्याख्या

१. **संक्षिप्त नाम तथा प्रारम्भः** यो ऐनको नाम **"मेचीनगर नगरपालिका सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख संरक्षण र व्यवस्थापन सम्बन्धि ऐन, २०८१"** रहेको छ र यो ऐन मेचीनगर नगरपालिकाको नगर सभाले स्वीकृत गरी राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई जनाउँछ ।

(ख) "नगरपालिका" भन्नाले मेचीनगर नगरपालिकालाई जनाउँछ ।

(ग) "सभा" भन्नाले मेचीनगर नगरपालिकाको नगर सभालाई जनाउँछ ।

(घ) "कार्यपालिका" भन्नाले मेचीनगर नगरपालिकाको नगर कार्यपालिकालाई जनाउँछ ।

(ङ) "विद्यालय एकीकृत सम्पत्ति" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ को उपदफा (१) बमोजिम मेचीनगर नगरपालिकाको क्षेत्रभित्र कुनै सामुदायिक विद्यालयको स्वामित्वमा रहेको वा भोगचलन गर्दै आएको सम्पूर्ण भवन र जग्गाको एकीकृत रूपमा हिसाब गरी तयार बनाईएको सम्पत्तिलाई जनाउँछ ।

(च) "समायोजित विद्यालय" भन्नाले नेपाल सरकारको विद्यालय समायोजन ऐन २०७६ अनुसार समायोजित भई कायम भएको नयाँ विद्यालयलाई बुझाउँछ ।

(छ) "संरचना" भन्नाले विद्यालय भवन, विद्यालय भवन भित्र रहेका गोदाम, सेड, ग्यारेज, शौचालय, खानेपानी, चमेनागृह, पार्किङ्ग, पर्खाल जस्ता स्थायी निर्माणलाई जनाउँछ ।

बाबालेखनाथ बुढाथोकी
नगर प्रमुख

(ज) "सामुदायिक संस्था" भन्नाले नगरपालिका क्षेत्रभित्र गठन भई मेचीनगर नगरपालिकामा सूचिकृत भएका समुदायमा आधारित संगठित संस्थालाई जनाउँछ ।

(झ) "व्यापारिक प्रयोजन" भन्नाले विद्यालयको भोगाधिकार प्राप्त भएको वा भोगचलन गर्दै आएको, कुनै व्यक्ति, समुदाय वा संस्थाले चन्दा स्वरूप उपलब्ध गराएको वा प्राप्त भएको जग्गालाई विद्यालयको आय आर्जनका लागि प्रयोग गर्नुलाई जनाउँछ ।

(ञ) "प्रमुख" भन्नाले नगरकार्यपालिकाको प्रमुखलाई जनाउँछ ।

(ट) "उप-प्रमुख" भन्नाले नगरकार्यपालिकाको उप-प्रमुखलाई जनाउँछ ।

(ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय प्रमुखको रूपमा कार्य गर्न तोकिएको कर्मचारीलाई जनाउँछ ।

(ड) "नगर शिक्षा अधिकारी" भन्नाले नगरपालिकाको शिक्षा शाखा प्रमुख वा शिक्षा शाखा हेर्ने जिम्मेवारी तोकिएको व्यक्तिलाई बुझाउँछ ।

(ढ) "विद्यालयको सम्पत्ति संरक्षण समिति" भन्नाले एकिकृत सम्पत्ति अभिलेखिकरण तथा व्यापारिक प्रयोजनका लागि जग्गा तथा संरचनाको भाडा दर र त्यस्ता संरचनाहरू उपयोग गर्ने शर्तहरू निर्धराण गर्न नगरपालिकाद्वारा यस निर्देशिकाको दफा ५ बमोजिम गठित समितिलाई बुझाउँछ।

(ण) "विद्यालय व्यवस्थापन समिति" भन्नाले नगर शिक्षा ऐन अनुसार गठन भएको समितिलाई बुझाउँछ ।

(त) "नगर शिक्षा समिति" भन्नाले नगर शिक्षा ऐन अनुसार गठन भएको समितिलाई बुझाउँछ ।

(थ) "निजी क्षेत्र" भन्नाले स्वीकृति प्राप्त निजी क्षेत्रका कम्पनि, फर्म, संस्था, व्यवसायिक व्यक्ति वा संगठित समूहलाई जनाउँछ ।

(द) "सरोकारवाला" भन्नाले विद्यालयको प्रत्यक्ष रूपमा सम्बन्ध राख्ने व्यक्ति वा संस्थालाई जनाउँछ ।

(ध) "विद्यालय" भन्नाले मेचीनगर नगरपालिका भित्र अनुमति वा स्वीकृत भई-सञ्चालनमा रहेका सामुदायिक, धार्मिक तथा संस्थागत विद्यालयलाई जनाउँछ ।

परिच्छेद – २

विद्यालय एकिकृत सम्पत्ति मूल्याङ्कन

३. एकीकृत सम्पत्ति गणनाः

(१) मेचीनगर नगरपालिका भित्रका प्रत्येक सामुदायिक विद्यालयले आफ्नो विद्यालयको एकीकृत सम्पत्ति मूल्याङ्कन प्रयोजनका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक संघको संयुक्त समिति मार्फत एकीकृत सम्पत्ति गणना गरी यस ऐन जारी भएको ३ (तीन) महिना भित्रमा तोकिए बमोजिमको ढाँचामा मेचीनगर नगरपालिका, सम्पति व्यवस्थापन (भण्डार) उपशाखामा पेश गर्नुपर्नेछ ।

बुढाथोकी

(२) उपदफा (१) बमोजिम सम्पत्ति गणना गर्दा विद्यालयले शैक्षिक प्रयोजन र व्यपारिक प्रयोजनका लागि प्रयोग भएका वा प्रयोग हुने सक्ने सम्पत्तिको अलग अलग मूल्याङ्कन गरीन पर्नेछ ।

४. **अभिलेख राख्नुपर्ने:**

(१) दफा ३ बमोजिम एकिकृत सम्पत्ति तयार गर्दा जग्गाको प्रकार, भोगाधिकारको निस्सा प्रमाणहरू, समुदायले प्रयोगका लागि गरेका निर्णय, मालपोत कार्यालयबाट जारी निस्सा प्रमाणहरु तोकिए बमोजिमको ढाँचामा तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरण तयार गर्दा विद्यालय स्थापना मितिमा भौगचलन गरेका, कुनै माध्यमबाट प्राप्त भएका, विक्री भएका वा कुनै कारणबाट हकभोग हस्तान्तरण भएका सम्पत्ति, एकिन क्षेत्रफल तथा त्यसबाट प्राप्त भएका नगद तथा अन्य आम्दानीको विवरण समेत भएको विद्यालय सम्पत्ति प्रोफाईल तयार गर्नुपर्नेछ ।

५. **विद्यालय सम्पत्ति संरक्षण समन्वय समिति:**

(१) विद्यालयको सम्पत्ति संरक्षण सम्बन्धी समन्वय गर्न देहाय अनुसारको एक विद्यालय सम्पत्ति संरक्षण समन्वय समिति रहनेछ ।

(क)	नगर प्रमुख	-	अध्यक्ष
(ख)	नगर उपप्रमुख	-	उपाध्यक्ष
(ग)	प्रमुख प्रशसकीय अधिकृत	-	सदस्य
(घ)	प्रमुख, शिक्षा, यूवा तथा खेलकुद शाखा	-	सदस्य
(ङ)	प्रमुख, प्रशासन, योजना तथा अनुगमन शाखा	-	सस्य
(च)	प्रमुख, पूर्वाधार विकास शाखा	-	सदस्य
(छ)	प्रमुखले तोकेको वि.व्य.स. अध्यक्ष (१ जना)	-	सदस्य
(ज)	प्रमुखले तोकेको प्र.अ. (१ जना)	-	सदस्य
(झ)	सम्पत्ति व्यवस्थापन (भण्डार) उपशाखा प्रमुख	-	सदस्य सचिव

(२) उपदफा (१) अनुसार समितिको ऐन तथा बैठक सम्बन्धी व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ । समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

(३) विद्यालय सम्पत्ति संरक्षण समन्वय समितिको काम कर्तव्य र अधिकार: विद्यालय सम्पत्ति संरक्षण समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विद्यालयको सम्पत्ति संरक्षण र सम्वर्द्धन गर्न नीति निर्धारण गर्ने,

(ख) विद्यालयको सम्पत्ति संरक्षण र सम्वर्द्धन गर्न विद्यालयलाई निर्देशन दिने,

(ग) विद्यालयको सम्पत्तिको तथा सम्पत्ति संरक्षण सम्बन्धमा गरेका कामको अनुगमन गरी आवश्यक सुझाव दिने,

(घ) विद्यालयको सम्पत्तिको संरक्षण गर्ने प्रयोगमा ल्याउने सम्बन्धमा आउने विवादलाई निरूपण गर्ने,

बुद्धाथोकी

(ङ) विद्यालयको सम्पत्तिलाई प्रयोगमा ल्याई विद्यालयको आम्दानी बढाउन अनुमति दिने,

(च) विद्यालयको सम्पत्तिको अभिलेख राख्न लगाउने ।

६. **विद्यालयको सम्पत्ति संरक्षण समितिः**

(१) सामुदायिक विद्यालयको एकिकृत तथा अन्य चल अचल सम्पत्तिको संरक्षण, रेखदेख तथा विद्यालयको हितमा प्रयोग गर्ने, त्यस्ता चल अचल सम्पत्ति मध्येका केही अंशहरू विद्यालयको आयश्रोत बृद्धि गर्ने कार्यमा उपयोग गर्न मिल्ने भएमा उत्पादनमुलक एवं व्यवसायीक तरिकाले प्रयोग गरी विद्यालयको आन्तरिक आय-आर्जन बृद्धिका लागि परिचालन गर्ने, त्यस्ता प्रकारका योजना बनाउने, ती योजनाहरू कार्यान्वयनका लागि सम्बन्धित निकायसँग अनुमतिका लागि सिफारिस गर्ने, अतिक्रमण भएका अचल सम्पत्तिको पहिचान र पुनः हकभोग स्थापना गर्ने कार्यको लागि देहाय अनुसारको एक विद्यालय सम्पत्ति संरक्षण समिति रहनेछ ।

(क)	सम्बन्धित वडाका वडा अध्यक्ष	-	अध्यक्ष
(ख)	विद्यालय व्यवस्थापन समितिका अध्यक्ष	-	सदस्य
(ग)	शिक्षक अभिभावक संघका अध्यक्ष	-	सदस्य
(घ)	सम्बन्धित वडाका प्राविधिक कर्मचारी	-	सदस्य
(घ)	सम्बन्धित वडाको वडा सचिव	-	सदस्य
(ङ)	सम्बन्धित विद्यालयको प्रधानाध्यापक	-	सदस्य सचिव

(२) उपदफा (१) अनुसार समितिको ऐन तथा बैठक सम्बन्धी व्यवस्था समितिले आफैले निर्धारण गरे बमोजिम हुनेछ । समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि उपदफा (१) अनुसारको समितिको बैठक बर्षमा कम्तिमा तीन पटक बस्नुपर्नेछ । अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता विद्यालय व्यवस्थापन समितिका अध्यक्षले गर्नेछन् ।

(४) उपदफा (१) अनुसार समितिको बैठकमा आवश्यकता अनुसार आमान्त्रण गर्न सकिनेछ ।

७. (१) विद्यालय सम्पत्ति संरक्षण समितिको काम कर्तव्य र अधिकारः

विद्यालय सम्पत्ति संरक्षण समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) सामाजिक लेखा परिक्षणले देखाएका आर्थिक तथा भौतिक र शैक्षिक सम्पत्तिको प्रमाणिकरण गर्ने ।

(ख) विद्यालय सम्पत्तिको मर्मत संभार वा लिलामी गर्नुपर्ने, प्रयोगमा रहेको, प्रयोग हुन सक्ने, तर प्रयोग नभएका सम्पत्तिको विवरण तयार गर्ने, गर्न लगाउने ।

(ग) विभिन्न निकायबाट प्राप्त भएका वा खरिद गरीएका भौतिक सम्पत्तिको विवरण अद्यावधिक गर्ने, गराउने ।

विद्यालय बुढाथोकी
प्रधान प्रमुख

(घ) भौतिक सुविधा विस्तार तथा प्रतिफलदायी प्रयोगका लागि विद्यालय व्यवस्थापन समितिलाई राय सुझाव दिने ।

(ङ) विद्यालयका चल अचल सम्पत्तिलाई आयमुलक कार्यमा प्रयोग गर्ने योजना बनाउने उत्पादन र उत्पादकत्व बृद्धिका लागि लिजमा दिने सम्झौताका आधारहरू र मूल्य निर्धारण गर्ने, सम्झौता अनुसार प्रयोग भए नभएको, सो बाट विद्यालयलाई आम्दानी भए नभएको सम्पत्तिको मर्मत सम्भार भए नभएको अनुगमन गर्ने, गर्न लगाउने ।

(च) विद्यालयको सम्पत्तिको हिनामिना गर्ने, दुरूपयोग गर्ने, अतिक्रमण गर्ने उपर कानून बमोजिम कारवाही गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने । कुने व्यक्ति वा संस्थाबाट विद्यालयको सम्पत्ति हानी नोक्सानी भएको अवस्थामा सो को असुलउपर गर्ने, गर्न लगाउने ।

(छ) समुदायमा खेर गएका वा प्रयोगविहिन रहेका विद्यालयको सामाजिक सम्पत्ति विद्यालयको मातहतमा ल्याउन पहल गर्ने ।

(ज) विद्यालयमा समायोजन भई प्राप्त हुन आएका चल अचल सम्पत्ति अभिलेखिकरण गराउने, त्यसको प्रयोग गर्ने योजना बनाउने । सम्भव भए सम्म त्यस्ता सम्पत्तिहरू विद्यालयको आय आर्जना लागि परिचालन गराउने ।

(झ) विद्यालयका लागि आवश्यक जग्गा खरिद गर्न तथ भाडामा लिने वा दिन आवश्यक भएमा मूल्य निर्धारण तथा सिफारिस गर्ने ।

(२) उपदफा (१) (ङ) मा जेसुकै कुरा लेखिएको भएता पनि विद्यालय सम्पत्ति संरक्षण समितिले प्रस्ताव गरेका योजनाहरू नगर कार्यपालिकाबाट निर्णय गराएर मात्र कार्यान्वयन गर्नुपर्नेछ ।

परिच्छेद – ३

विद्यालय सम्पत्ति प्रयोग तथा परिचालन

८. **विद्यालयको सम्पत्तिको प्रयोगः**

(१) विद्यालयको सम्पत्ति विद्यालयको शैक्षिक गतिविधि, विद्यालयको भौतिक निर्माण, व्यवसायिक धारका विद्यालयमा प्रयोगात्मक अभ्यास बाहेक अन्यत्र प्रयोग गर्न पाईने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालयको दैनिक प्रयोगमा नआई खेर गएको, अतिक्रमणको चपेटामा पर्ने सम्भावना भएको वा परेको अचल सम्पत्ति विद्यालयको शैक्षिक गतिविधिमा असर नगर्ने भएमा विद्यलयको सम्पत्ति संरक्षण समितिको सिफारिसमा प्रचलित बजार भाउमा नघट्ने गरी सालबसालीरुपमा भाडा/लिजमा दिन सकिनेछ । सो भन्दा बढी अवधिको लागि भाडामा दिन परेमा नगर कार्यपालिकाबाट स्वीकृत लिनु पर्नेछ ।

जगदम्बा बुढाथोकी
प्रमुख

(३) विद्यालयको जग्गा लिजमा दिँदा सार्वजनिक हित, राष्ट्रिय आयमा वृद्धि हुने, रोजगारी सृजना गर्ने, सामाजिक मूल्यमान्यतामा कुनै प्रतिकुल प्रभाव नपर्ने गरी दिनुपर्नेछ । विद्यालयको सम्पत्ति भाडामा लगाउदा सामाजिक सद्भाव खलबलिने कार्यमा प्रयोग गर्न पाईने छैन ।

(४) विद्यालयको जग्गा, भवनहरू तथा अन्य सामाग्रीहरू कुनै राजनीतिक तथा धार्मिक गतिविधिमा प्रयोग गर्न दिन पाईने छैन तर सामुदायिक सद्भाव, विद्यालय र समुदायको सम्बन्ध सुदृढ हुने गरी विद्यालय भवन, कम्पाउण्ड प्रयोग गर्न दिन परेमा विद्यालयको सिफारिसमा नगर कार्यपालिकाको कार्यालयबाट अनुमति लिई प्रयोग गर्न दिन सकिने छ ।

(५) विद्यालयको सम्पत्ति नगरपालिकाले प्रचलित बजार मूल्यमा नघट्ने गरी नगर कार्यपालिकाको स्वीकृतीमा निश्चित समयका लागि लिजमा लिन सक्नेछ । तर, कुनै पनि किसिमले विद्यालय स्थापना कालदेखि प्रयोग वा भोगचलन र संरक्षण गर्दै आएको चल अचल सम्पत्ति स्थायी रूपमा हकभोग हस्तान्तरण गर्न पाईने छैन ।

(६) विद्यालयको अचल सम्पत्ति विद्यालयले आफ्नै पहलमा विद्यार्थीको समेत सीप बढाउने, कृषि तथा अन्य उद्यमशीलता बढाउने कार्यमा प्रयोग गर्नु विद्यालयको कर्तव्य हुनेछ।

(७) विद्यालयको अचल सम्पत्ति व्यापारिक प्रयोजनका प्रयोग गर्न सकिने र विद्यालयको नियमति आयश्रोत हुने, बालअधिकार, शिक्षा सम्बन्धी मौलिक अधिकार, वातावरण तथा स्वास्थ्य सम्बन्धी अधिकारमा कुनै व्यवधान नहुने गरी यसै दफाको उपदफा २ बमोजिम स्थायी तथा अस्थायी संरचना निर्माण गरी लिजमा दिन सकिनेछ ।

(८) विद्यालयका जग्गा जमिन, खेल मैदान, सेमिनार हल तथा कक्षाकोठाहरूमा विद्यालयको स्वीकृति बिना कुनै पनि गैर शैक्षिक कृयाकलाप गर्न नदिने व्यवस्था मिलाउनु पर्नेछ ।

९. विद्यालयको सम्पत्ति लिजमा दिने प्रकृया:

(१) विद्यालयको सम्पत्ति लिजमा दिँदा निम्न प्रकृया पुरा गर्नुपर्नेछ :

(क) सम्पत्तिको एकिकृत मूल्याङ्कन गर्नुपर्नेछ ।

(ख) कम्तिमा १५ दिनको बढाबढको शिलबन्दी दरभाउपत्र सूचना प्रकाशन गर्ने।

(ग) शिलवन्दी दरभाउपत्रको सूचना एक प्रति नगरपालिकामा अनिवार्य टाँस गर्नुपर्नेछ ।

(घ) लिज लागाउने सम्बन्धि सूचना स्थानीय पत्रिकामा प्रकाशन गर्नुपर्नेछ ।

(ङ) लिजमा दिँदा विद्यालय र व्यक्ति वा संस्थाको विचमा दोहोरो सम्झौता गर्नुपर्नेछ । सबै भन्दा बढी कबोल गर्ने, विद्यालयको हित, शैक्षिक गुणस्तर वृद्धि, समावेशिता, महिला तथा पिछडिएको समुदायलाई प्रत्यक्ष वा परोक्ष लाभ हुने अवस्थालाई प्राथमिकता तोकी मूल्याङ्कन गर्नुपर्नेछ ।

विद्यालयको बुढाथोकी

(च) स्थायी संरचना बनाउने गरी जग्गा भाडा/लिजमा दिँदा भाडा/लिज सम्झौता अवधि सकिएको बढीमा तीन महिना भित्र नहटाएमा निर्मित संरचना विद्यालयको हुने गरी सालवसालीरुपमा लिजमा दिन सकिनेछ । भाडा/लिज सम्झौता नविकरण नभएका लिजमा लिने व्यक्ति वा संस्थाको ती संरचनामा कुनै हक लाग्नेछैन ।

(छ) लिज वा भाडामा दिएका सम्पत्तिको हरेक २ वर्षमा १० प्रतिशत मूल्य वृद्धि हुने गरी सम्झौता गर्नुपर्नेछ । दफा ९ सँग सम्बन्धित सबै प्रकृया दफा ५ (ख) बमोजिम गठित समितिले गर्नेछ ।

१०. **विद्यालयको सम्पत्ति लिजमा सम्बन्धी विशेष व्यवस्थाः**

(१) यस ऐनमा अन्यत्र जेसुकै कुरा लेखिएको भएता पनि विद्यालयको अचल सम्पत्ति नगरपालिकाले प्रयोग गर्न चाहेमा दफा (९) को कुनै प्रकृया पुरा नगरी सिधै विद्यालयसँग सम्झौता गरी प्रयोग गर्न सक्नेछ ।

(२) उपदफा (१) अनुसार प्रयोग गर्दा विद्यालयलाई हुने आयमा नघट्ने गरी नियमित अनुदान वा भाडा सम्बन्धित विद्यालयलाई उपलब्ध गराउन सकिनेछ । तर सार्वजनिक सेवा व्यवस्थापनका लागि प्रयोग हुँदा निःशुल्क रूपमा प्रयोग गर्न बाधा पर्नेछैन ।

(३) सयायोजन वा खारेज भई नियमित विद्यालय सञ्चालन नभएको विद्यालयको सम्पत्ति नगरपालिकाले सामुदायिक हित हुने फोहोरमैला लगायतका कार्य वा रोजगारी सृजना र स्वास्थ्य संस्था निर्माण जस्ता कार्यमा प्रयोग गर्न सक्नेछ ।

(४) उपदफा (३) अनुसार विद्यायलयको सम्पत्ति प्रयोग गर्दा समायोजन पश्चातको विद्यालयसँग सहमति लिनुपर्नेछ । यसरी प्रयोग गरे वापत उपदफा (२) अनुसार भाडा वा अनुदान उपलब्ध गराउनु पर्नेछ ।

११. **विद्यालयले व्यक्ति वा संस्थाका सम्पत्ति खरिद गर्न वा लिजमा लिन सक्नेः**

(१) विद्यालयले बालबालिकाहरूमा उद्यमशिलता, व्यवसायिक शिप सिकाईलाई कामको संसारसँग जोड्न, विद्यालयको नियमित आय-आर्जन गर्ने श्रोत बनाउन कुनै व्यक्ति वा संस्थाको चल अचल सम्पत्ति खरिद गर्न वा भाडा/लिजमा लिन सक्नेछ। कुनै संस्था वा व्यक्तिले निर्माण गरेका स्थायी संरचना समेत लिजमा प्रयोग गर्न सकिनेछ।

(२) उपदफा (१) अनुसार भाडा/लिजमा लिँदा कम्तिमा पाँच बर्षको लागि सम्झौता गर्नुपर्नेछ । विद्यालयले चल अचल सम्पत्ति भाडा/लिजमा लिँदा सार्वजनिक सूचना मार्फत शिलबन्दी घटाघट प्रकृयाबाट लिनुपर्नेछ।पाँच वर्ष पछि पुनः आपसी सहमतिमा सम्झौता नविकरण गर्न सकिनेछ ।

बुढाथोकी

१२. सामुदायिक विद्यालयको सम्पत्ति प्रयोगमा बन्देजः

(१) सामुदायिक विद्यालय र सामुदायिक सिकाई केन्द्रको भवन, चल अचल सम्पत्ति निजी विद्यालय र निजी तथा सामुदायिक क्याम्पसको नियमित प्रयोगका लागि भाडा वा लिजमा दिन पाईनेछैन।

(२) व्यसायिक तथा व्यापारिक प्रयोजनमा दिईएका जग्गाजमिन तथा अन्य संरचनाहरूमा मदिराजन्य, सूर्तिजन्य तथा बालबालिकाको शारीरिक तथा मानसिक विकासमा असर पर्ने कुनै पनि वस्तुको विक्री वितरण गर्ने, वातावरण तथा ध्वनी प्रदुषण गर्ने व्यवसायिक कार्यमा प्रयोग गर्नु गराउनु हुँदैन ।

(३) विद्यालयहरूबाट यस ऐन बमोजिम प्रकृया पुरा नगरी लिज वा भाडामा दिएका, ऐन नियमा विपरित भएका वा विद्यालयको अनुमित बेगर अतिक्रमित चल अचल सम्पत्तिहरूको उपयोग र संरक्षण सम्बन्धमा दफा ५ बमोजिमको समितिले आवश्यक निर्णय गर्नेछ र सोही अनुसार कार्यान्वयन गर्नुपर्नेछ ।

१३. संस्थागत विद्यालयहरूले चल अचल सम्पत्ति खरिद विक्री गर्दा वा भाडा/लिजमा लिँदा/दिँदा सञ्चालक/शेयरधनीहरूको सभाले निर्णय गरेबमोजिम हुनेछ । तर अचल सम्पत्ति विक्री गर्नु अगाडी कार्यरत शिक्षक/कर्मचारीहरूको पारिश्रमिक बक्यौता भए सो को भूक्तानी गर्ने गरी मात्र विक्री गर्न पाईने छ । बिक्री सम्बन्धि अन्य व्यबस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

१४. नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा जमीनामा रहेका सामुदायिक क्याम्पस, सार्वजनिक शैक्षिक गुठी, धार्मिक शैक्षिक गुठी वा सो प्रकृतिका सबै विद्यालय, क्याम्पस वा शैक्षिक संस्थाहरुले यसै ऐनको आधारमा चल अचल सम्पत्ति खरिद गर्न, संरचना निर्माण गर्न र भाडा/लिजमा लिन/दिन वाञ्छनीय हुनेछ ।

१५. विद्यालयले जुनसुकै बखत प्रयोग गर्न सक्नेः

(१) यस ऐनमा जुनसुकै कुरा उल्लेख भए भएता पनि विद्यालयले आफ्नो शैक्षिक गतिविधि सञ्चालन गर्न वा विद्यालयले आफैले प्रयोग गर्न वाञ्छनीय रहेको अवस्थामा लिजमा दिएका सम्पत्ति बाहेकका सम्पत्ति नगरपालिकासँग अनुमति लिएर कम्तिमा दुई महिनाको पूर्व सूचना दिई त्यस्ता चलअचल सम्पत्ति तथा संरचना आफैले प्रयोग गर्न सक्नेछ ।

१५. यस ऐनमा जुनसुकै कुरा लेखिएको भएता पनि हाल विद्यालयहरूले भाडा/लिजमा दिएको जग्गा जमीन तथा अन्य संरचनाहरू यसै ऐन अनुसार भएको मानी यो ऐन कार्यान्वयनमा आएको ६ (छ) महिना भित्र विद्यालयहरूले ती भाडा/लिज सम्झौताहरू बाँकी अवधिका लागि नविकरण गरी मेचीनगर नगरपालिकामा लिखित जानकारी गराउनु पर्नेछ ।

१६. नियम, कार्यविधि, मापदण्ड बनाउने अधिकारः

(१) यो ऐनको कार्यान्वयन गर्न मेचीनगर नगरपालिका नगरकार्यपालिकाले आवश्यक नियम, कार्यविधि, मापदण्ड बनाउन सक्नेछ ।

नगरपालिका बुढाथोकी
नगर प्रमुख

१७. **प्रचलित कानुन बमोजिम हुनेः**

(१) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम, कार्यविधि, मापदण्डहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अरुमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१८. **प्रचलित कानुन बमोजिम मुद्धा चलाउन बाधा नपर्नेः**

(१) यस ऐन बमोजिम कसुर ठहरिने काम अन्य प्रचलित कानुन अन्तर्गत पनि कसुर ठहरिने रहेछ भने त्यस्तो कानुन बमोजिम मुद्धा चलाउन यस ऐनले बाधा पुर्याएको मानिने छैन ।

१९. **खारेजी, संसोधन र बचाऊः**

(१) यस ऐनको खारेज वा संसोधन गर्ने अधिकार नगर सभामा रहनेछ ।

(२) यस अघि नगर कार्यपालिकाको निर्णय बमोजिम भए गरेका कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

गोपालप्रसाद बुढाथोकी
कार्य प्रमुख